# ध्वनि परिवर्तनको प्रभावमा 'व' वर्ण

**रमाकान्त पौडेल**

उपप्राध्यापक

रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी

**शोधसार**

मूल भारोपेली भाषामा परिवेशअनुसार कतै स्वर र कतै अर्धस्वरको ढाँचमा उच्चारण हुने अन्तस्थ: वर्णहरू आर्यभाषाको प्राचीन कालमा व्यवस्थित भएका छन् । ई.सं.१५०० देखि ५०० का बीचमा मध्यकालमा परिवर्तम हुने क्रममा रहेको देखिन्छ । तत्कालीन अवस्थामा य'लाई ज' वा 'ओ' का रूपमा उच्चारण गर्न थालिएको देखिन्छ । यो प्रवृत्ति निरन्तर जारी छ ।। अन्तस्थ: वर्णहरू (य, व) परिवेशअनुसार क्रमश: ए, ज र ओ, ब'मा वितरण भई स्वतन्त्रता गुमाउने अवस्थामा पुगेका छन् तर समाप्त भएका छैनन् ।

***मुख्य शब्दावली :*** उत्पादन, घोषीभवन, नासिक्यभवन, प्रयत्नलाघव, मतैक्यता, वैयाकरण, विषमीभवन, समीभवन ।

## विषय प्रवेश

सांसारिक तङ्खवहरू परिवर्ततनशील छन् । संसारको शाब्दिक अर्थ परिवर्तन हो (आप्टे : १९६९ पृ. १०५०) परिवर्तन संसारको गुण, धर्म वा नियम हो । जगत्का अनेकौं तङ्खवमध्ये भाषा पनि एक हो । यसकारण भाषामा पनि नियमित फेरबदल भइरहन्छन् । यथास्थितिमा बानी परेका भाषिक समुदायका विज्ञ सदस्यहरू भाषामा हुने भिन्न प्रयोगलाई अस्वीकार गर्छन् । उनीहरू परिवर्तनलाई नियमको उल्लङ्घन मान्दछन् । विभिन्न कारणले भाषिक व्यवस्था र उपव्यवस्थामा परिवर्तन हुन्छ । यस्ता भिन्न प्रयोगलाई तात्कालिक अवस्थामा त्रुटि मानिए पनि कालान्तरमा स्वीकृत हुँदै जान्छन् । वैयाकरणहरू मानक प्रयोगमा जोड दिन्छन् तर लोक व्यबहार तदनुकूल हुँदैन । भाषाको परिवर्तनशील स्वभावले मूलत: लोप र उत्पादनको स्थिति पैदा हुन्छ । अन्य सांसारिक रीति, स्थिति र नीतिअनुसार भाषा पनि अगाडि बढ्छ ।

## १. अध्ययन विधि र प्रक्रिया

यो अनुसन्धानमा वर्णनात्मक र सर्वेक्षण विधिको चयन गरिएको छ । व'ध्वनिको ध्वनितात्विक परिवर्तनले अर्थ तात्विक स्वरूपमा समेत प्रभाव पारेको समस्यालाई पहिचान गरिएको छ। पूर्वेली भाषिकाको पर्वती उपभाषिकाको प्रयोग क्षेत्र गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्गजा र पर्वतमा बोलिने नेपाली भाषाको कथ्य रूपमा 'व' ध्वनिको स्वरूप कस्तो भनी खोजतलास गर्ने काम भएको छ । सर्वेक्षण विधिबाट सङ्कलित सामग्रीलाई लेख्य श्रोतले समर्थन गर्छन् वा गर्दैनन् भन्ने थाहा पाउन पुस्कालयीय विधिको सहयोग लिइएको छ । यसका लागि किरण पुस्तकालय तम्घास, गुल्मी र रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीको उपयोग गरिएको छ ।

सङ्कलित कथ्य, लेख्य लेख्य सामग्रीमा प्राप्त विवरणलाई प्रशोधन गर्दा व'ध्वनि सीमित सन्दर्भमा प्रयोग भइरहेको देखियो । नेपाली भाषाको सिङ्गो स्वरूपमा यसको अवस्थिति के छ ? भन्ने सामान्य अनुमान गर्न सकिए पनि यहाँ पूर्वेली भाषिकाको पर्वती उपभेदलाई केन्द्रीकृत गरिएको छ । नेपाली भाषाको यो प्रयोग क्षेत्रमा व'ध्वनि सीमित सन्दर्भमा प्रयोगमा भइरहेको देखिएको छ ।

## २. सैद्धान्तिक पूर्वाधार

भाषाका व्यवस्था र उपव्यवस्थामा हुने क्रमभङ्गता नै भाषिक परिवर्तन हो । संरचनाका आधारमा भाषालाई केन्द्रीय र परिधीय गरी दुई क्षेत्रमा बाँडिन्छ । वर्ण, व्याकरण र शब्दभण्डार केन्द्रीय र ध्वनि र अर्थ परिधीय क्षेत्रभित्र पर्दछन् (ढकाल :२०६६ पृ. १९) । ध्वनि र वर्ण उच्चारण व्यवस्थाका उपव्यवस्था हुन् । यी दुवै क्षेत्रमा फेरबदल भएमा भाषिक परिवर्तन भनिन्छ । परिवर्तनका लागि सबै भाषामा समान किसिमका कारणले भूमिका खेलेका हुँदैनन् । भाषाविद्हरू परिवर्तनका कारणको बारेमा एकमत छैनन् । यति हुँदाहुँदै पनि स्थूल रूपमा बाह्य र आन्तरिक कारणले भाषामा परिवर्तन हुन्छ भन्ने बारेमा सबैको मतैक्यता पाइन्छ । बाह्य कारणमा भूगोल, राजनीति, इतिहास, सँस्कृति, व्यक्ति, सादृश्यजस्ता विषय पर्छन् (तिवारी, १९८८ पृ. ६६१) । आन्तरिक कारणमा प्रयत्नलाघव, अनुकरणको अपूर्णता, लिपि सादृश्य, अन्य भाषाको प्रभाव, नवीकरणको प्रवृत्ति, भ्रामक व्युत्पत्ति, अनिश्चतता, परिवेश, प्रयोगाधिक्य, शारीरिक विभिन्नता, शिक्षा, जातीय मनोवृत्ति आदि कारण पर्दछन् (न्यौपाने, २०५१पृ.६१-६५) । भाषा परिवर्तनका यी कारणलाई प्राय: सबैले स्वीकार गरेका छन् ।

भाषा परिवर्तनमा खास किसिमको आन्तरिक नियमितता रहनुपर्छ भन्ने छैन । सकारण वा अकारण भाषिक परिवर्तनका अवस्था देखिन्छन् । यदि अकारण परिवर्तन देखिएको छ भने त्यसलाई यादृच्छिकता भनिन्छ । ध्वनि परिवर्तनका केही उदाहरण हेरौं :

| **संस्कृत भाषा** | **नेपाली भाषा** | **परिवर्तन** |
|---|---|---|
| चट : | चरो | ट > र |
| वट : | वर | ट > र |
| कीट : | कीरो | |
| शवट : | छाउरो | |
| निकट | नेर | |

यसरी नेपाली भाषा विकसित हुँदा 'ट' ध्वनि 'र' मा परिवर्तन भएका प्रशस्त उदाहरण पाइन्छन् । तर जुनसुकै शब्दमा यसो हुँदैन । केही उदाहरण निम्न अनुसार छन् ।

| **सँस्कृत भाषा** | **नेपाली भाषा** |
|---|---|
| चेट : | चेलो |
| घट : | घडो |

यसरी भाषा परिवर्तनमा नियमितता मात्र हुँदैन ।

भिन्न वस्तुको संयोग वा वियोगबाट उत्पन्न हुने कम्पन नै ध्वनि हो । भौतिक विज्ञानमा ध्वनिलाई एक प्रकारको शक्ति मानिन्छ । भाषिक ध्वनि उच्चारण अवयवको सक्रियतामा उत्पन्न हुन्छन् । ध्वनि अवयवद्वारा उच्चरित मानवीय अभिव्यक्ति नै भाषा हो (शर्मा, २०६० पृ. १) । उच्चारण व्यवस्थाको उपव्यवस्था ध्वनि हो । भाषिक ध्वनि प्रतीकात्मक हुन्छन् । यी प्रतीकहरू माथिल्ला संरचनामा सोपानक्रमले उनिँदै जाँदा अर्थगत स्पष्टता बढ्दै जान्छ ।

भाषिक ध्वनिलाई सामान्य रूपमा स्वर र व्यञ्जन गरी दुई वर्गमा बाँडिन्छ । यी दुवै भेदमा हुने फेरबदललाई ध्वनि परिवर्तन भनिन्छ । यी दुईमा पनि व्यञ्जनको तुलनामा स्वर

ध्वनिमा परिवर्तनको तीव्रता र घनत्व कम हुन्छ । स्वरध्वनिहरू कम परिवर्तनशील र सार्वभौम हुन्छन् । व्यञ्जन ध्वनिहरू सापेक्ष र तीव्र परिवर्तनशील हुन्छन् । भाषिक ध्वनिहरूको समान परिवर्तनशील अवस्था हुँदैन । अर्धस्वरहरूको परिवर्तन व्यञ्जनको तुलनामा कम र स्वरको दाँजोमा बढी हुने स्थिति हुनुपर्ने देखिन्छ । तर आधुनिक भारतीय आर्यभाषाको सदस्य भाषा नेपालीमा स्वर र व्यञ्जन ध्वनिको पृथकपृथक विश्लेषण हुनु आवश्यक भएपनि यहाँ 'व' ध्वनिको उपस्थिति कस्तो छ र कुन दिशातिर उन्मुख देखिन्छ ? भन्ने विषयमा यो अनुसन्धान केन्द्रित छ ।

ध्वनि परिवर्तनका स्वरूपमा लोप, आदेश, आगम, विर्पयास, समीभवन, विषमीभवन, घोषीभवन, अघोषीभवन, अल्प्राणीभवन र महाप्राणीभवनजस्ता ध्वनितात्विक विशेषता पर्छन् । भाषिक ध्वनि शाब्दिक तहमा परस्परको प्रभावमा आई आफ्नो विशेषता छोडेर अर्को स्वरूप ग्रहण गर्नु नै ध्वनि परिवर्तन हो । लोप भनेको हराउनु हो । शब्दको आदि, मध्य र अन्त्य परिवेशमा आएका स्वर वा ब्यञ्जन ध्वनिहरू उच्चारण हुन छोड्नु नै लोप हो । विपर्यास भनेको शब्दमा वितरित ध्वनिहरूको परिवेश साटासाट हुनु हो । यस्तो प्रक्रियामा उनै ध्वनिहरू मात्र साटफेर हुनु पर्दैन । कुनै ध्वनिको सट्टामा आउने अर्को ध्वनि पनि साटफेर हुन सक्छ । समीभवन भनेको समान हुनु हो । शब्दका विभिन्न परिवेशमा वितरित ध्वनिहरू परस्परको प्रभावमा आउँदा समान उच्चारण हुने स्थिति देखिन्छ । समीभवनको उल्टो प्रक्रियालाई विषमीभवन भनिन्छ । समान ध्वनिहरू परस्परको प्रभावले विषम हुने अवस्था देखिन्छ । सघोष ध्वनिहरू अघोषमा बदलिनु अघोषीभवन हो भने अघोष ध्वनिहरू सघोषमा बदलिनु सघोषीभवन हो । यस्तै अल्पप्राण ध्वनिहरू महाप्राणमा बदलिनु महाप्राणीभवन र महाप्राण ध्वनिहरू अल्पप्राणमा बदलिनु अल्पप्राणीभवन हो । ध्वनि परिवर्तनमा अनेक स्वरूप देखिन्छन् । मौखिक ध्वनिहरू अनुनासिकमा फेरिनु नासिक्यीभवन हो । कुनै ध्वनि 'ह' मा फेरिनु हकारीभवन, अन्य ध्वनि मूर्धन्यमा बदलिनु मूर्धन्यीभवन, अनुष्म ध्वनिहरू उष्म (श, ष, स, ह) मा फेरिनु उष्मीभवन, अन्य ध्वनिहरू तालब्य ध्वनि (इ, ई, च, छ, ज, झ, ज, य, श) मा परिवर्तन हुनु तालव्यीभवन हो । कुनै ध्वनि 'र' मा बदलिनुलाई रकारीभवन भनिन्छ । ध्वनिको पुनरावृत्तिलाई द्वित्वीभवन भनिन्छ । यस्ता ध्वनिगत परिवर्तनका अनेकौं स्वरूप हुन्छन् । स्वर र व्यञ्जनका परिवेशगत आधारमा परिवर्तन हुँदा अनेकौं भेद देखिन्छन् ।

**आर्य भाषामा ध्वनिको क्रमिक विकास**

हालसम्मको खोज अनुसन्धानले नेपाली भाषाको पुर्ख्यौली नाता भारोपेली भाषा परिवारसँग रहेको तथ्य प्रमाणित भएको छ (ढकाल :२०६६ पृ. ३३९) । भारोपेली शब्द भारत र युरोप दुई शब्दको एकीकृत रूप हो । भारतीय उपमहाद्वीप र युरोपमा बोलिने कतिपय भाषाको सम्बन्ध यही भाषापरिवारसँग रहेको छ । यो परिवारका प्राचीन, मध्यकालीन र आधुनिक भाषाका शब्दलाई आधार मानी पुनर्निर्माण प्रक्रियाबाट भारापेली भाषाका ध्वनिहरूको परिकल्पना गरिएको छ । पुनर्निर्माण गर्दा संस्कृत, अवेस्ता, ग्रीक, ल्याटिन आदि प्राचीन भाषाहरूको आधार लिइएको छ । यो भाषा परिवारको नाम र यसका ध्वनिहरू पूर्णतया आनुमानिक एवं काल्पनिक हुन् (द्विवेदी, १९९८ पृ.३८१) ।

मूल भारोपेली भाषामा कतिवटा ध्वनि थिए ? भन्ने बारेमा खोजकर्ताका बीच मतैक्यता छैन । डा. चूडामणि बन्धु भारोपेली भाषामा स्वर र व्यञ्जन गरी तेत्तीस भएको औंल्याउँछन् ( बन्धु, २०५२ पृ.१०) । कपिलदेव द्विवेदी यिनको संख्या चालिस रहेको उल्लेख गर्दछन् (द्विवेदी, १९९८ पृ.३८१) । भोलानाथ तिवारी यिनको संख्या चौंतीस रहेको बताउँछन् (तिवारी, १९८८ पृ.१२०-१२१) । कुनै पनि विद्वान्ले दिएका ध्वनिसूचीमा संख्यात्मक एकरूपता छैन । यस विषयमा अन्तिम निर्णय दिनु असम्भव रहेको देखिन्छ (द्विवेदी, १९९८ पृ.३८१) ।

वैदिक संस्कृतमा भाषिक ध्वनिको संख्या बढेको देखिन्छ (बन्धु, २०५२ पृ.२५) । वैदिक संस्कृतमा जम्मा ५२ भाषिक ध्वनि थिए । ती निम्नानुसार देखिन्छन् ।

| क्रम संख्या | स्वरूप | स्थान | ध्वनिहरू |
|---|---|---|---|
| १. | मूल स्वर | | अ, आ, इ ई, उ, ऊ, ऋ, ॠ, ऌ |
| २. | संयुक्त स्वर | | ए, ऐ, ओ, औ |
| ३. | स्पर्शी | कण्ठ्य | क, ख, ग, घ, ङ |
| | | तालव्य | च, छ, ज, झ, ञ |
| | | मूर्धन्य | ट, ठ, ड, ड़, ढ, ड़ह, ण |
| | | दन्त्य | त, थ, द, ध, न |
| | | ओष्ठ्य | प, फ, ब, भ, म |
| ४. | अन्तस्थ: | | य, र, ल, व |

| | | | |
|---|---|---|---|
| ५. | उष्म | संघर्षी | श, ष, स, ह, : |
| | | जिह्वामूलीय | ᳵ |
| | | उपध्मानीय | ᳶ |
| ६. | अनुनासिक | अनुस्वर | |

मूल भारोपेली भाषाका केही ध्वनिहरू प्राचीन आर्यभाषामा परिवर्तन भएका छन् । केही थपिएका छन् भने केही केही लोप भएका छन् । यस कालमा आइपुग्दा अन्तस्थ: ध्वनिहरूको संख्यामा कमी आएको छ भने चवर्ग र टवर्गका ध्वनिहरूको विकास भएको छ (द्विवेदी, १९९८ पृ.४२६) । यस कालमा भारोपेली भाषाको कण्ठ्योष्ठ्य 'क्व' बाट 'ब' भएको छ (बन्धु, २०५२ पृ.२५) ।

लौकिक सँस्कृत (प्राचीन आर्यभाषाको दोस्रो चरण) मा आइपुग्दा केही परिवर्तनहरू भएका छन् । यस समयमा प्रचलित भाषिक ध्वनिहरू निम्नानुसार थिए ।

स्वर ध्वनिहरू : अ, आ, इ, ई, उ, ऊ, ऋ, लृ, ए, ऐ, ओ, औ

व्यञ्जन ध्वनिहरू : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण,

त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, ह, :

आर्यभाषा विकासको तेस्रो चरणमा आइपुग्दा भाषिक ध्वनिमा थप परिवर्तन भएको देखिन्छ । तत्कालीन अवस्थामा आर्यहरू भारतीय उपमहाद्वीपका विभिन्न भूगोलमा फैलिएको थिए । त्यसको परिणाममा यो भाषाको ध्वनिव्यवस्थामा पनि प्रभाव परेको देखिन्छ । यसचरणमा प्रयोग भएका ध्वनिहरू निम्नानुसार थिए (बन्धु, २०५२ पृ.४३) ।

स्वर ध्वनिहरू : अ, आ, इ, ई, उ, ऊ, ए, ॅ, ओ, (ह्रस्व र दीर्घ)

व्यञ्जन ध्वनिहरू : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण

त, थ, द, ध, न, न, ह्न, ह्म, व्ह, प, फ, ब, भ, म, य, र, ल, व,

ल्ह, ड़, स, ह ।

भारोपेली भाषादेखि तेस्रो चरणसम्म नियमित विकास हुँदा ध्वनि पविर्तनका विभिन्न अवस्था देखिन्छन् ।

अन्तस्थ: ध्वनिहरू स्वर र व्यञ्जन दुवैका साझा विशेषता पाइने भाषिक ध्वनिलाई अन्तस्थ: भनिन्छ (तिवारी, ऐ) यी ध्वनिलाई अर्धस्वर, अर्धव्यञ्जन, अन्तस्थ :स्वर, अन्तस्थ व्यञ्जन भन्न सकिन्छ । भारोपेली भाषामा अन्तस्थ ध्वनिहरू दुई किसिमका थिए भन्ने अनुमान गरिएको छ । ती यसप्रकार छन् ।

य (इ), व (उ), ल (लृ) र (ऋ) न (न्) म (म्)

यी ध्वनिहरू कुनै अवस्थामा स्वर र कुनै अवस्थामा व्यञ्जन विशेषता लिई उच्चारण हुन्थे । माथि प्रस्तुत गरिएका ध्वनिहरूमा कोष्ठकभित्रका स्वर र बाहिरका व्यञ्जनको विशेषता लिने अन्तस्थ: ध्वनि हुन् (तिवारी, ऐ) कतिपय भाषाशास्त्रीले यिनैलाई स्वर र व्यञ्जनका भेदले दुई प्रकारमा बाँडेका छन् (द्विवेदी, ऐ) चूडामणि बन्धुले यिनलाई दुई प्रकारमा देखाएका छन् । उनका अनुसार य (इ), व (उ) मात्र रहेका छन् (बन्धु, २०५०पृ.१०) । मूल भारोपेली भाषाका अन्तस्थ: ध्वनि (न, म) हरू वैदिक सँस्कृतमा आइपुग्दा व्यञ्जनमा परिणत भएका छन् । लौकिक सँस्कृतमा यिनको संख्या झन् घटेको देखिन्छ । यस चरणमा य, व मात्र अन्तस्थ: ध्वनि बाँकी रहे ।

आर्यभाषा विकासको तेस्रो चरणमा अन्तस्थ: ध्वनिहरू झन् सङ्कटमा परेको देखिन्छ । य, को ज, व, को ब, मा परिवर्तन सामान्य प्रक्रिया भयो (बन्धु, २०५०पृ.४३) । यसबाट के प्रमाणित हुन्छ भने आजभन्दा एक हजार वर्षअगाडि नै अन्तस्थ: ध्वनिले आफ्नो मौलिकता गुमाउँदै थिए । तर यी ध्वनि पूर्ण रूपमा समाप्त भएका छैनन्, बरु लोपोन्मुख अवस्थामा थिए । यी अन्तस्थ:ध्वनिमध्ये व ध्वनिको अस्तिङ्खवलाई कुनै खोजले स्पष्ट पारेका छैनन् ।

## वर्तमान अवस्था

आधुनिक आर्यभाषा काल विक्रमको एघारौ शताब्दीबाट प्रारम्भ भएको हो । यो चरणमा आइपुग्दासम्म मध्यकालीन आर्यभाषाको ध्वनिव्यवस्थामा प्रशस्त भिन्नता आएको देखिन्छ । यद्यपि तत्कालीन अवस्थामा भाषाको वर्णनात्मक अध्ययन भएको छैन । हाल उपलब्ध तत्कालीन सामग्रीमा आर्यभाषाको प्राचीन स्वरूपको वर्णविन्यासको प्रभाव पाइन्छ । कतिपय अवस्थामा वर्तमानसम्म पनि त्यो प्रभाव कायम रहेको छ । लेख्य भाषामा प्रयोग हुने लिपि सङ्केतले कथ्य

स्वरूपलाई हुबहु प्रतिनिधित्व गर्दैन । यसै पनि लिखित भाषा कथ्य भाषाभन्दा सय होइन हजार वर्षपछाडि हुन सक्छ । तसर्थ लिपि सङ्केत (वर्ण)ले ध्वनितात्विक विशेषतालाई यथार्थ ढङ्गले प्रतिनिधित्व गर्दैन । कुनै भाषामा प्रचलित वर्णसूची अर्थतात्विक दृष्टिले पनि विभेदक हुनुपर्दछ । भाषाको तत्कालीन मौलिकतालाई विचार गरी वर्णसूचीमा हेरफेर गरिन्छ ।

नेपाली भाषाको वर्तमान स्वरूपमा स्वर र व्यञ्जनको संख्या जम्मा ३५ रहेको देखिन्छ, जसमा २९ व्यञ्जन र ६ मूल स्वर छन् । वर्तमान नेपाली भाषाको वर्णसूची यसप्रकार छ,

व्यञ्जन वर्णहरू :–

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | य | ह |
| च | छ | ज | झ | | र | |
| ट | ठ | ड | ढ | | ल | |
| त | थ | द | ध | न | व | |
| प | फ | ब | भ | म | स | |

मूल स्वरहरू : –

अ, आ, इ, उ, ए, ओ

द्विस्वरहरू :–

अइ, आइ, उइ, एइ, ओइ

अउ, आउ, इउ, एउ, ओउ (भुसाल, २०५पृ.८५)

आर्यभाषा विकाशको तेस्रो चरणमा नै अन्तस्थ: ध्वनि कथ्य प्रयोगबाट विस्थापित हुन थालेको कुरा भाषाविद्ले औंल्याएपनि तत्सम शब्दमा मात्र होइन मौलिक र आगन्तुक शब्दमा समेत लेख्य प्रयोगमा भने हालसम्म कायम रहेको देखिन्छ । यति मात्र होइन औच्चार्य स्वरूपमा पनि विद्यमान छ । यद्यपि अन्तस्थ: ध्वनिहरूको स्थान अन्य ध्वनिहरूले लिन थालेका छन् । तत्सम शब्दको वर्णविन्यास सँस्कृतअनुसार हुने र आगन्तुक शब्द उच्चारणअनुसार लेख्ने झर्रोवादी मान्यताको प्रभावले पनि अन्तस्थ: ध्वनिहरू लेख्य सँङ्केतका रूपमा पनि कम प्रचलनमा

छन् । 'य' लाई उच्चारण स्थानका आधारमा तालव्य, प्राणत्वका आधारमा अल्पप्राण, र घोषत्वका आधारमा सघोष ध्वनि मानिन्छ । यसको उच्चारण कतिपय अवस्थामा 'ए' समान हुन्छ ।

'व' नेपाली भाषाको दोश्रो अन्तस्थ: ध्वनि हो । यो उच्चारण स्थानका आधारमा ओष्ठ्य, प्राणत्वका आधारमा अल्पप्राण, घोषत्वका आधारमा सघोष ध्वनि हो । यसको स्वरूपगत परिवर्तन आर्यभाषा विकासको तेश्रो चरणमा देखिइसकेको थियो । तत्कालीन समयमा यो 'ब'को रूपमा परिवर्तन हुन थाल्यो (बन्धु, ऐ) । ध्वनिपरिवर्तन परिवेशका आधारमा हुन्छ । सबै परिवेशमा समान रूपमा फेरबदल हुँदैन, एक परिवेशमा फेरिन थालेपछि त्यसको परिवर्तन यात्रा सुरु हुन्छ । यही प्रक्रियाअन्तर्गत 'व' ध्वनि ब'रूपका उच्चारण हुन थाल्यो । हाल (आर्यभाषा विकासको तेश्रो चरणमा) यो ध्वनि ओ'को रूपमा पनि हुन्छ । यस्तो परिवर्तन पनि ध्वनि वितरणको परिवेशअनुसार हुन्छ । त्यसैले 'व' कतै ब र कतै ओ' उच्चारण हुन्छ ।

यसको तात्पर्य के हो भने व'ध्वनिको अर्थभेदक क्षमता पनि यिनै दुई (ब, ओ) ध्वनिमा वितरण भएको देखिन्छ अर्थात् यदि व'ध्वनिलाई अर्थभिन्नताको सिद्धान्तका आधारमा विश्लेषण गर्ने हो भने यी तीन (व, ब, ओ) ध्वनिलाई तुलना गर्नुपर्छ । लघुत्तम अर्थयुक्त युग्मका समान परिवेशमा वितरण भएका ध्वनिहरूमध्ये जसले अर्थगत भिन्नताको काम गर्दछन् ती वर्ण हुन् भन्ने संरचनावादी मान्यताअनुसार नेपाली भाषाको वर्तमान स्वरूपमा व'ध्वनिले वर्णको स्थान गुमाइसकेको स्थिति देखिन्न । व' अन्तस्थ: ध्वनि भएकोले यसको उच्चारण प्रक्रियामा स्वरध्वनिको सहयोग चाहिन्छ किनभने यसमा व्यञ्जनको विशेषता पनि रहेको छ । यति हुँदाहुँदै पनि केही खास परिवेशमा यसको उच्चारण भइरहेको देखिन्छ । वस्ती' (एक थर) र बस्ती ( बसोबास गरेको स्थान) बुझाउँदा व्यतिरेकी ध्वनि प्रतीत भएपनि वस्ती उच्चारण गर्दा व' वा ओ' सुनिन्छ ।

वर्तमान नेपाली भाषाको स्वरूपमा व' एक्लै उच्चारण हुन सकेको देखिंदैन । यसले आर्य भाषा विकाशको दोस्रो चरणमा नै अस्तित्व गुमाउन थालेको हो । अर्थतात्विक रूपमा भिन्न नभए पनि ध्वनितात्विक रूपमा यसको उच्चारण हुन्छ तर त्यो परिवेश सीमित भएको छ । लोप हुने प्रवृत्ति अझ सबल भएको छ । अधिकांश ठाउँमा ब'का रूपमा र केही परिवेशमा ओ'का रूपमा यसको उच्चारण हुन्छ । यदि आ' ध्वनि पश्च परिवेशमा छ भने व' अन्तस्थ: ध्वनिका रूपमा उच्चारण हुन्छ अन्यथा ब र ओ'का रूपमा हुछ । केही उदाहरण हेरौं ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अरुवा | खुवाइ | ग्वाला | च्वाप्प | जनस्वास्थ्य | ट्वाक्क | न्वाइन्वाइ | प्वाल |
| अलुवा | खुवाउनु | ग्वाली | च्वाम्म | जवान | ट्वार्र | नेवारी | बिजुवा |
| आश्वासन | खेवा | ग्वाल्ल | च्वास्स | ज्वार | ठ्वाक्क | पटुवा | स्वामी |
| आस्वाद | खोसुवा | घेरुवा | छनुवा | ज्वाला | तलुवा | पुवा | भ्वार्र |
| कछुवा | ग्वाँक | घ्वाइँ | छुवाछुत | झ्वाप्प | त्वार्र | पेवा | मनुवा |
| कुवा | ग्वाक्क | घ्वाच्च | छ्वाम्म | झ्वास्स | थुनुवा | पेसेवार | मेवा |
| कौवा | ग्वाङग्रे | घ्वार्र | छ्वाल्ल | टौवा | द्वापर | पौवा | मौवा |
| खुवा | ग्वार्र | चवालीस | छ्वाली | ट्वाल्ल | न्वारन | प्वाक्क | ल्वातल्वात |

यी उदाहणमा व'ध्वनि स्वर वा व्यञ्जनको मध्य परिवेशमा आएको छ ।

**निष्कर्ष**

तत्सम शब्दको वर्णविन्यासमा व' वर्णको प्रयोग ब'भन्दा बढी हुन्छ । ध्वनिपरिवर्तनको दबाब व'ध्वनिमा परेको हुँदा यो लोपोन्मुख अवस्थामा देखिन्छ । नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने जिब्रोले प, फ, ब, भ, म, ट, ठ, ड, ढ भन्दा त, थ, द, ध, केही निक्रिय अवस्थामा उच्चारण गर्छ । यी ध्वनि मात्र होइन अन्य पनि परिवर्तन भइरहन्छन् । जहाँसम्म व'ध्वनि उच्चारणको विषय छ । यो मध्य परिवेशमा आउँदा प्राय:जसो व' नै उच्चारण हुन्छ । व्यक्तिगत वा अन्य भाषिक प्रभावले यदाकदा ब'को रूपमा पनि उच्चारण हुन सक्छ । स्वास्थ्य'मा जति स्पष्टसँग उच्चारण हुन्छ त्यति जवान'मा हुन्न, यसमा ब' उच्चारण हुने गरेको पाइन्छ । नेपाली भाषामा व ध्वनिको अस्तित्वमाथि मध्यकालमा नै प्रश्न उठेको भएपनि वास्तविकता यस्तो होइन । यो ध्वनितात्विक र अर्थतात्विक रूपमा जीवित छ । नेपाली भाषाको मानकीकरण हुँदा शिक्षित वर्गले यसलाई अझ सबल बनाउँदै छ । मानक नेपालीमा मात्र होइन यसका भौगोलिक भाषिकामा समेत 'व' ध्वनिको जीवन सुरक्षित छ ।

**सन्दर्भग्रन्थ सूची**


आप्टे, वामन शिवराम (सन् १९८९), *संस्कृत हिन्दी शब्दकोश,* दिल्ली, मोतीलाल बनारसीदास प्रब्लिसर्स प्रा.लि. ।

भुसाल, केशवप्रसाद (वि.सं. २०७६), *भाषाविज्ञान,* काठमाडौं, सनलाइट पब्लिकेशन ।

ढकाल, शान्तिप्रसाद (वि.सं. २०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं, शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ (सन् १९८८), *भाषाविज्ञान,* इलाहावाद, किताब महल ।

तिवारी, भोलानाथ (सन् १९९१), *हिन्दी भाषा* दिल्ली, के.एम्. एजेन्सिज ।

द्विवेदी, कपिलदेव (सन् २०००), *भाषाविज्ञान एवं भाषाशास्त्र,* वाराणासी विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (वि.सं. २०६८), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं ।

पोखरेल बाकृष्ण (वि.सं. २०४०), *नेपाली बृहद् शब्दकोश,* काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पोखरेल, बालकृष्ण (वि.सं. २०४८), *राष्ट्रभाषा,* काठमाडौं, साझा प्रकाशन ।

बन्धु, चूडामणि (वि.सं. २०४९), *भाषाविज्ञान,* काठमाडौं, साझा प्रकाशन ।

बन्धु, चूडामणि (वि.सं. २०५२), *नेपाली भाषाको उत्पत्ति,* काठमाडौं, साझा प्रकाशन ।

शर्मा, मोहनराज (वि.सं. २०६०), *आधुनिक भाषाविज्ञान* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।